**प्रश्न नं. ४८**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५७३४ देखि ५८५५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

प्रजित सि.क्षत्रीको जाहेरीले नेपाल सरकार

बिरुद्ध

रुकुम जिल्ला घेत्मा गाँउपालिका १ मा बस्ने च्यान्टे कामी

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- रुकुम जिल्ला घेत्मा गाँउपालिका १ मा बस्ने मेरा भाई जय बहादुर क्षत्रीले पसलको सामान लिन र छोरा रमेश मल्ललाई सुर्खेतमा कक्षा ११ मा भर्ना गर्न भनी २०७५।८।१ मा च्यान्टे कामी समेत सगैं गएकोमा डाँडाँ गाउले होटलमा सगै खाई सुतेकोमा राति २ बजे सुत्न जान भनी हिडेकोमा भाई जय ब. खत्रीलाई धारिलो हतियारले च्यान्टे कामी समेतले हानी नगद लुटेको हुँदा ज्यान मुद्दामा कारबाही गरी रकम फिर्ता पाउँ भनी रुकुम जिल्ला प्रहरी कार्यालयमा प्रजित सि. क्षेत्रीले दिएको जाहेरी दर्खास्त ।
- मैले नगदको प्रलोभनले जय ब. खत्रीलाई छुरी प्रहार गरी मारेको हु भन्ने समेत व्यहोरामा च्यान्टे कामीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।
- च्यान्टे कामीले राख्न दिएको भनी धन बहादुर कामीको घरबाट ९ लाख बरामद भएको बरामदी मुचुल्का ।
- धारिलो हतियारले काटेको र मृत्युको कारण Injury in the head भन्ने उल्लेख भएको जिल्ला स्वास्थ कार्यालय जाजरकोटको शव परिक्षण प्रतिवेदन ।
- नगदको प्रलोभनमा परी जय बहादुर क्षेत्रीको मृत्यु च्यान्टे कामीले गरेको भन्ने समेत व्यहोराको एकै मिलानमा सर्वजित वि.क. भिम ब. कार्की, गोरख बहादुर रावत समेतले गरेको मौकाको कागज ।

**प्रश्न नं. ४८**

- जय बहादुर क्षत्रीलाई  २०७५।८।१ गतेका दिन च्यान्टे कामीले कर्तव्य गरी मारेको हुँदा मुलुकी फौजदारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र
- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- रुकुम जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत तुल्सीपुरमा दायर भएको पुनरावेदन पत्र ।